घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स
०८२-५६०१६२, ५६०२४३, ५६१२६८, ५६०७००, ५६०४९९
www. ghorahimun.gov.np

मितिः २०७८।०१।१६

प.सं.०७७/७८

---

**विषयः लकडाउन हुने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

उपर्युक्त सम्बन्धमा दाङ जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्रको मिति २०७८/०१/१४ गते बसेको बैठक र घोराही उपमहानगरपालिका, नगर विपद् व्यवस्थापन समितिको २०७८/०१/१४ गते बसेको बैठकको निर्णयानुसार मिति २०७८/०१/१७ गते बिहान ६:०० बजे देखि २०७८/०१/२५ गते साँझ ६:०० बजे सम्म घोराही उपमहानगरपालिका क्षेत्रमा पूर्ण लकडाउन हुने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै लकडाउन अवधिभर जिल्ला प्रशासन कार्यालय, दाङबाट जारी भएको मापदण्ड लागु हुने व्यहोरा समेत यही सूचनाबाट जानकारी गराइन्छ ।

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

---

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
घोराही, दाङ

कार्यालय : ०८२-५६०१३३
☎ : ०८२-५६००२८
: ०८२-५६०४६६
आवास : ०८२-५६००२९

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दाङ

पत्र संख्या : २०७७।०७८

मिति २०७८।०१।१४

चलानी नम्बर :

## जिल्ला प्रशासन कार्यालय दाङबाट जारी गरिएको अत्यन्त जरुरी सुचना !

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ भाइरसका कारण नेपालमा दिन प्रति दिन संक्रमितको संख्या वृद्धि हुनुका साथै मृत्युदर बढिरहेको सन्दर्भमा हाल यस जिल्लामा संक्रमितको संख्या बढ्नुका साथै मृत्युदर बढिरहेको हुँदा संक्रमणको जोखिम रोक्नको लागि DCCMC(District Covid Crisis Management Center) जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्रको मिति २०७८।०१।१४ गते बसेको बैठकबाट तपशिल बमोजिमको निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### तपशिल

१. मिति २०७८।०१।१७ गते बिहान ६:०० बजेदेखि मिति २०७८।०१।२५ गते साँझ ६:०० बजेसम्म दाङ जिल्लाभरि पूर्ण रुपमा लकडाउन हुनेछ।

२. जिल्लामा रहेका सम्पुर्ण विद्यालय एवं कलेजहरुको पठनपाठन र विद्यालयको परीक्षा पूर्ण रुपमा बन्द रहनेछन् तर Online Class संचालन गर्न भने कुनै बाधा पर्ने छैन।

३. लकडाउनको अवधिभर अति आवश्यकीय बाहेकका सेवाहरु पूर्ण रुपमा बन्द हुनेछन्। सरकारी कार्यालय र बैक तथा वित्तिय संस्थाहरु बन्द रहनेछन्।

४. अति आवश्यकीय सामानहरु खरिद विक्रिको लागि प्रत्येक दिन विहान ७:०० बजेदेखि ८:०० बजेसम्म स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई पसलहरु खुला गर्न सकिनेछ। अति आवश्यकीय सामान ढुवानी गर्न गाडीको प्रयोग गर्नुपर्ने भएमा यस कार्यालयबाट अनुमति लिई प्रयोग गर्नुपर्नेछ। अति आवश्यकीय सेवाभित्र खानेपानी, दुध, तरकारी, इन्धन, औषधी, विद्युत आपुर्ति, टेलिफोन, फोहोरमैला व्यवस्थापन र पशुपन्छीको दाना रहेका छन्।

५. पूर्व पश्चिम राजमार्ग भएर यस जिल्लामा गुड्ने गाडीले यस जिल्लाबाट यात्रु उठाउन र झार्न निषेध गरिएको छ।

६. औधोगिक् प्रतिष्ठान र निर्माणको काम गर्ने स्थलमा श्रमिकहरुलाई बस्ने, खाने, सुत्ने र स्वास्थ्य उपचारको व्यवस्था भएमा स्वास्थ्य मापदण्ड पालना गर्ने गरी यस कार्यालयबाट अनुमति लिई काम गर्न सकिनेछ ।

Email:cdoofficedang@gmail.com

२०७८।०१।१४
दीर्घनारायण पौडेल
... जिल्ला अधिकारी